# बाह्रविसे नगरपालिकाको नगर प्रमुख श्री बालकृष्ण बस्नेतद्धारा प्रस्तुत आर्थिक बर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम

बाह्रविसे नगरपालिका

बाह्रविसे, सिन्धुपाल्चोक ।

२०८३

**आजको यस गरिमामय नगर सभामा उपस्थित उपप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण नगर सभा सदस्यज्यूहरु,**

नेपालको संविधान, २०७२ ले परिकल्पना गरेका दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न बाह्रविसे नगरपालिकाको आर्थिक बर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम यस सम्मानित १९ औं नगर सभा समक्ष पेस गरी सम्बोधन गर्न पाउँदा म गौरवान्वित भएको छु । यस अवसरको लागि देश भित्र र मुलुक बाहिर रहनु भएका बाह्रविसे नगरबासी आमाबुवा, दिदीबहिनी तथा दाजुभाइ सबैमा आत्मीय सम्मान प्रकट गर्न चाहन्छु ।

राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनको लागि भएको विभिन्न लोकतान्त्रिक आन्दोलन, भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्नको लागि लागि २०८२ भदौ २३ र २४ गते नवयुवाहरुको ऐतिहासिक सहभागितामा भएको आन्दोलन लगायतका क्रममा सहादत  हुनु भएका सम्पूर्ण ज्ञात-अज्ञात वीर वीरंङ्गनाहरु प्रति श्रद्धाञ्जली अर्पण तथा घाइते हुनुभएका सम्पूर्णमा शीघ्र र पूर्ण स्वास्थ्य लाभको शुभेच्छा व्यक्त गर्दछु । उहाँहरुको त्याग,साहस र बलिदानलाई उच्च सम्मान गर्दछु ।

सवै नगरबासीहरुको चाहना, आवश्यकतालाई उपलव्ध स्रोत साधन तथा दिगो विकासका लक्ष्यलाई आत्मसात गर्दै सुशासन, आर्थिक समृद्धि, सामाजिक न्याय, पूर्वाधार विकास र गुणस्तरीय सेवा प्रवाहलाई केन्द्रमा राखि यो नीति तथा कार्यक्रम तर्जुमा गरिएको छु ।

“हामी सबैको चाहनाः सुन्दर, शान्त र सफा नगरको परिकल्पना” को दीर्घकालीन सोचलाई साकार पार्न आर्थिक विकास, पूर्वाधार निर्माण, सामाजिक विकास, वातावरण संरक्षण तथा संस्थागत सुदृढीकरणलाई

प्राथमिकतामा राखि यस सभा समक्ष निम्न नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

**नगर सभा सदस्यज्यूहरु,**

१) नगरपालिकाको आन्तरिक आयको दायरा विस्तार गरी राजश्व संकलनलाई प्रभावकारी, पारदर्शी र प्रविधिमैत्री बनाइनेछ । करदाता अभिलेख अद्यावधिक गरी राजश्व प्रशासनलाई थप व्यवस्थित बनाइ सबै आर्थिक कारोबारलाई डिजिटल प्लेटफर्ममा आबद्ध गरी नगदरहित, बनाई विद्युतीय शासन प्रवर्द्धन गर्न तथा नागरिकहरुका अपेक्षा सम्बोधन गर्न विद्युतीय भुक्तानी प्रणालीलाई निरन्तरता दिईनेछ ।

२) वित्तीय कारोबार तथा लेखा व्यवस्थापनलाई पूर्ण रुपमा विद्युतीय प्रणालीमा आधारित बनाउँदै वित्तीय प्रतिवेदन समयमै तयारी गरी सार्वजनिक गरिनेछ । बेरुजु न्यूनीकरणलाई उच्च प्राथामिकता दिई लेखापरीक्षणबाट प्राप्त सुझाव तथा निर्देशनहरुको प्रभावकारी कार्यान्वयन गरि, सार्वजनिक खरिद प्रक्रियालाई प्रतिस्पर्धात्मक, पारदर्शी र गुणस्तरीय बनाउन बार्षिक खरिद योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

३) नगरपालिकाको प्रशासन तथा लेखा प्रशासन सुधार, सार्वजनिक सेवा प्रवाहलाई छिटो र चुस्त पारदर्शी र सुशासनमैत्री बनाउन विद्युतीय शासनलाई प्रोत्साहित गरी कर्मचारीहरुको क्षमता विकास सम्बन्धी अभिमुखीकरण, तालिम तथा सुधारोन्मुख पालिकाहरु सँग अन्तरक्रियात्मक अध्ययन अवलोकन भ्रमणको व्यवस्था मिलाइनेछ । सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, तेस्रो पक्ष मूल्याङ्कन जस्ता कार्यहरुलाई निरन्रता दिइनेछ ।

४) बजार क्षेत्रमा सडक सौर्य बत्ती जडान तथा सी.सी.टि.भी जडान गरी नागरिकहरुलाई सुरक्षित भएको प्रत्याभुती दिने कार्यलाई निरन्तरता दिइनेछ । ई- हाजीरी तथा प्रविधिमैत्री सेवा प्रवाहमा विशेष जोड दिइनेछ ।

५) नगर शिक्षा योजना र शिक्षासँग सम्बन्धित बैज्ञानिक नीति, योजना, कार्यविधि निर्माण गरी पालिकाका विद्यमान शैक्षिक समस्या सम्बोधन गरिनेछ । विद्यार्थीहरुको चौतर्फी विकासको लागि शैक्षिक कार्यक्रमका साथसाथै अतिरिक्त क्रियाकलाप लाई प्रोत्साहन गरिनेछ । विद्यालयस्तरीय, अन्तर विद्यालयस्तरीय तथा नगरस्तरीय प्रतिस्पर्धात्मक कार्यक्रम सञ्चालन गरिनेछ । नगर शैक्षिक कार्यतालिका निर्माण गरी नगरस्तरीय शैक्षिक कार्यक्रममा एकरुपता ल्याइनेछ ।

६) निजीक्षेत्रबाट संचालित विद्यालय, सामुदायिक सिकाई केन्द्रहरुको गुणस्तर अभिबृद्धिका लागि उचित कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ । शैक्षिक तथा भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री, अपाङ्गमैत्री तथा लैंगिकमैत्री बनाइने नीति लिइनेछ । प्रभावकारी दण्ड र पुरस्कारको व्यवस्था गरी स्रोत साधनको अधिकतम प्रयोगको सुनिश्चितता गरिनेछ ।

७) निःशुल्क दिवा खाजाको कार्यक्रमलाई विस्तार गरी कक्षा १० सम्म पोषणयुक्त निःशुल्क दिवा खाजा कार्यक्रम लागु गरिनेछ । आधारभूत शिक्षा (कक्षा ८) उत्तीर्ण परीक्षालाई थप मर्यादित, व्यवस्थित र स्तरयुक्त बनाइनेछ । साथै आन्तरिक परीक्षालाई व्यवस्थित, मर्यादित र विश्वसनीय बनाउनका लागि स्थानीय तहबाट आर्थिक र प्राविधिक सहयोग उपलव्ध गराइनेछ ।

८) स्थानीय पाठ्यक्रमलाई आवश्यक परिमार्जन गरी, उक्त पाठ्यक्रममा स्थानीय भाषामा समेत अध्यापन गराउन प्रोत्साहन गरिनेछ । मातृभाषामा विकास गरिएका पाठ्यपुस्तकलाई एउटै मात्र मातृभाषाका विद्यार्थीहरु अध्ययनरत विद्यालय पहिचान गरी नमूनाको रुपमा त्यस्ता विद्यालयमा लागु गरी आवश्यक शिक्षकको दरवन्दी समेत थप गरिनेछ । स्थानीय पाठ्यक्रम लागू भएका सबै कक्षाका लागि स्थानीय पाठ्यपुस्तक निर्माण तथा छपाई गरी सबै विद्यार्थीलाई वितरण हुने व्यवस्था मिलाइनेछ ।

९) खेलकुद पूर्वाधार निर्माण तथा स्तरोन्नतिलाई प्राथमिकता दिइनेछ । नगरपालिकाको खेलकुद विकासका लागि उत्कृष्ट खेल प्रशिक्षक नियुक्त गरी राष्ट्रिय अन्तराष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्ने खेलाडी उत्पादन र प्रोत्साहनको व्यवस्था मिलाइनेछ । पालिकास्तरीय तथा वडास्तरमा विभिन्न क्लव तथा खेलकुद विकास संस्थाहरुको स्थापना गरी खेलकुद विकास तर्फ उचित ध्यान केन्द्रित बनाई खेल क्षेत्रको विकास गरिनेछ ।

१०) महिला स्वास्थ्य स्वयंसेविकाहरुको प्रोत्साहनका लागि उपलव्ध गराउँदै आएको यातायात खर्चमा बृद्धि, सुत्केरी यातायात र गाउँघर क्लिनिक सञ्चालन यातायात खर्चलाई निरन्तरता र पुर्ण खोप सुनिश्चितता तथा दीगोपन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११) नगर अस्पतालबाट उपलव्ध गराउने सेवाहरुलाई थप प्रभावकारी बनाउँदै लगिनेछ । नगर अस्पताल मार्फत सञ्चालन हुने एम्बुलेन्सलाई ‘ख’ वर्गमा स्तरोन्नति गरी सञ्चालन गर्न आवश्यक प्रक्रिया अगाडि वढाइनेछ । नगरपालिका अन्तर्गतका सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई किशोरकिशोरी मैत्री स्वास्थ्य संस्था प्रमाणीकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ । प्रत्येक वडाहरुमा जेष्ठ नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गरी जेष्ठ नागरिकहरुको स्वास्थ्य प्रवर्द्धन गरिनेछ ।

१२) कृषि योग्य जमिन बाँझो रहने प्रवृत्ति वढ्दो क्रममा रहेको हुँदा उक्त कार्यलाई निरुत्साहित गर्दै भूमि बैङ्क प्रणाली मार्फत बाँझो जमिनलाई उत्पादन कार्यमा उपयोग गर्न युवा लक्षित करार खेती, सहकारी खेती र कृषि बन प्रणालीलाई प्रोत्साहन गरिनेछ । भूमिको उर्वरा शक्ति बढाई माटोको स्वास्थ्य सुधार गर्न जैविक एवम् प्राङ्गारिक मलको अधिकतम उपयोगमा जोड दिइनेछ ।

१३) बाली संरक्षणका कार्यहरुलाई अगाडि वढाई स्थानीय रैथाने बालीहरु जौ, फापर, मास, हिमाली धान(घैया) अनती, तिल उत्पादन,

संरक्षण र प्रवर्द्धन गर्ने नीति लिइनेछ । नगरपालिकालाई तरकारीजन्य उत्पादनमा आत्मनिर्भर बनाई थप बजारीकरणलाई विशेष प्राथमिकतामा राखी किसान सहुलियत प्रोत्साहन तथा कृषि उपजहरुको सहज उपलव्धताको लागि कृषि एम्वुलेन्सको व्यवस्था मिलाइनेछ ।

१४) कृषि क्षेत्रको विकासका लागि परम्परागत खेती प्रणालीको संरक्षण गर्दै आधुनिक प्रविधि तथा यान्त्रीकरण प्रयोगमा प्रोत्साहित गरी कृषि उत्पादन पूर्वाधार निर्माणमा प्राथमिकता दिइनेछ । लोपोन्मुख चौरी र भेडापालन कार्यक्रमको संरक्षण र प्रवर्द्धन गर्न आवश्यक व्यवस्था मिलाइनेछ । कृषि बाली तथा पशुपन्छी क्षेत्रको बजारीकरण किसान प्रोत्साहनका लागि न्यूनतम समर्थन मुल्य तोकी प्रभावकारी रुपमा कार्यान्वयन गरिनुका साथै सो को भुक्तानी डिजिटल माध्यमबाट सिधै किसानको खातामा रकम जम्मा हुने व्यवस्था मिलाइनेछ ।

१५) नगरपालिकालाई मासुमा आत्मनिर्भर बनाउन पशुपालनको लागि बर्षभरी चरन तथा आहारको व्यवस्था गर्न समुदाय तथा समूहमा आधारित घाँस खेतीलाई प्रोत्साहन गर्न घाँसको विउ तथा विरुवाहरु वितरण कार्यक्रम संचालन गरिनेछ । ट्राउट माछापालन कार्यलाई व्यवसायमुखी बनाई बजारीकरण गर्न प्रोत्साहनका कार्यक्रमहरु अगाडि वढाइनेछ ।

१६) संघ सरकारबाट प्राप्त कार्यक्रम सँगको साझेदारी रहने गरी नगरपालिका भित्रका पशुपन्छीमा लाग्ने खोरेत लगायत अन्य रोगहरुको नियन्त्रणका लागि अभियानमुखी खोप कार्यक्रम सञ्चालन गरिनेछ । अनुदानमा आधारित भैंसीपालन, बाख्रापालन, पन्छीजन्य उत्पादनका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ । उत्पादन क्षेत्रलाई बृद्धि गर्न उत्पादनमा आधारित प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१७) जग्गा नापजाँच, भू-अभिलेख तथा भूमि प्रशासनलाई प्रविधिमैत्री, पारदर्शी र सेवाग्राहीमैत्री बनाइनेछ । भैगोलिक सूचना प्रणाली तालिम

संचालन गरी भू-उपयोग योजना लागु गरिनेछ । नगरपालिका क्षेत्र भित्रका सरकारी, सार्वजनिक तथा सामुदायिक जग्गाहरु अभिलेखिकरण र संरक्षण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

१८) सुरक्षित तथा गुणस्तरीय खानेपानी उपयोगमा नागरिकहरुको पहुँच विस्तार गरी "एकघर एकधारा" कार्यक्रमलाई संघ तथा प्रदेशबाट संचालन गरिने खानेपानीका कार्यहरुसँग समन्वय गरी प्रभावकारीरुपमा कार्यान्वयन गरिनेछ । जलाधार तथा मुहान संरक्षणलाई जलबायु अनुकुल प्रविधिसँग आवद्ध गरिनेछ ।

१९) नगरपालिका भित्रका पक्की, कच्ची सडकहरुको मर्मत संभार कार्य प्रदेशबाट हस्तान्तरण भएका आयोजनाहरु सँग समन्वय गरी बर्ष भरी सवारी साधन चल्न सक्ने बनाइनेछ । अति आवश्यक भन्दा बाहेक आगामी आ.व.मा नयाँ सडकका ट्र्याकहरु विस्तार नगर्ने नीति अवलम्बन गरिनेछ ।

२०) नगरस्तरीय आयोजनाहरु सञ्चालन गर्दा जनश्रमदान/जनसहभागीता दर १०% कायम गर्ने र स्थानीय सडकहरु निर्माणको क्रममा ढलानमा फलामे डण्डीको प्रयोग नगर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२१) मौलिक भाषा, संस्कारहरु तथा धार्मिक, साँस्कृतिक सम्पदाहरुको संरक्षण, प्रवर्द्धन गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखिनेछ । पर्यटकीय गन्तव्यहरुको पहिचान गरि प्रचार-प्रसारमा विशेष जोड दिइनेछ ।

२२) महिला, बालवालिका, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकको अधिकार, संरक्षण, सहभागिता र सशक्तीकरणलाई प्राथामिकता दिइनेछ । बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्दै बाल अधिकार सुनिश्चितता गरी, आगामी आ.व.मा वडागत बालमैत्री वडा र नगर घोषणाका कार्यहरु अगाडि बढाइनेछ ।

२३) आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, बालवालिका, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकहरु लक्षित कार्यक्रमहरु संचालन गरिनेछ। सीप, उद्यमशीलता तथा स्वरोजगार मार्फत आत्मनिर्भरता अभिबृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२४) सेवाग्राही तथा लाभग्राहीहरुको अनुकुलता, छिटो र भरपर्दो सेवा प्रवाहका लागि राष्ट्रिय परिचयपत्र बनाउने कार्यका लागि जिल्ला प्रशासन कार्यालय र पञ्जीकरण विभागसँग समन्वय गरी राष्ट्रिय परिचयपत्र सेवा इकाई नगरपालिकामा स्थापना गरी पालिकाबाटै राष्ट्रिय परिचयपत्र विवरण दर्ता गर्ने व्यवस्था मिलाइनेछ।

२५) जेष्ठ नागरिक, अशक्त, अपाङ्गता भएका लाभग्रीहरुलाई सामाजिक सुरक्षा भत्ता  वडास्तरमा नै वितरण गरिने व्यवस्था मिलाइनेछ।

२६) नगरपालिका भित्र सञ्चालित सहकारी क्षेत्रलाई पारदर्शी, विश्वसनीय र उत्तरदायी बनाइनेछ। सहकारी संस्थाहरुको प्रभावकारी नियमन, सुपरिवेक्षण तथा अभिलेख प्रणाली सुदृढ गरी सहकारीहरुलाई उत्पादन, उद्यमशीलता र रोजगारी सृजना तर्फ आवद्धता गराई सहकारी सुदृढीकरण तथा एकीकरणलाई प्रोत्साहन गरिनेछ।

२७) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई सुदृढ बनाइनेछ। प्रदेश सरकार सँगको सहकार्यमा विपद स्वयंसेवकहरुलाई पुनःर्ताजगी तालिमलाई निरन्तरता दिइनेछ। संघ, प्रदेश सरकारसँगको साझेदारीमा विपद्बाट घर क्षति भई घर निर्माण गर्नु पर्ने लाभग्राहीहरुको आवास पुननिर्माण कार्यलाई निरन्तरता दिइनेछ।

२८) बहु प्रकोपबाट पशुपंछी तथा मत्स्य साथै सो सम्बन्धी दैनिक प्रयोगमा आउने सामग्रीहरु, गोठ, खोर, माछा पोखरी लगायत अन्य बालीहरुको क्षति भएमा आकस्मिक वा मौसमजन्य विपद कार्यविधि अनुसार राहत सहयोगका कार्यक्रम अगाडि वढाई घाइते चौपायाहरुको निःशुल्क

उपचारको व्यवस्था मिलाइनेछ । नगर क्षेत्र भित्रका खोल्सा, खहरे कटानबाट हुन सकिने मानव बस्ती जोखिमलाई न्यूनीकरण गर्न र थप घटनाहरु हुन नदिन आवश्यक व्यवस्था गरिनेछ ।

२९) न्यायमा सरल र सहज पहुँचको सुनिश्चितता, मेलमिलाप तथा मध्यस्थतामार्फत विवादको छिटो, सुलभ र कमखर्चिलो समाधानका लागि न्यायिक समिति मार्फत भै रहेको न्यायिक सम्पादन कार्यलाई निरन्तरता दिइनेछ ।

३०) आगामी आ.व.बाट नगरपालिकाबाटै व्यक्ति, व्यापारी/व्यवसायीलाई स्थायी लेखा नम्वर [PAN] उपलव्ध गराउन आवश्यक पहल गरिनेछ । राजश्वका श्रोतहरुको पहिचान गरी दर दायर बृद्धि गरी राजश्व परामर्श समितिलाई थप सकृय र प्रभावकारी बनाउन करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

३१) स्थानीय परम्परागत सिप र पेशालाई आधुनिकीकरण गरी जीविकोपार्जन तर्फ सुधारका लागि आवश्यक व्यवस्थापन गर्ने कार्यलाई अगाडि वढाइनेछ । नगरपालिकाले विगतमा लिएका नीति तथा कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ । नीति तथा कार्यक्रमलाई स्रोत तथा साधनको उपलव्धता, समय अनुकुलता अनुसार आगामी आ.व.मा क्रमिकरुपमा पुरा गर्दै लगिनेछ ।

**नगर सभामा उपस्थित उपप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण नगर सभा सदस्यज्यूहरु,**

प्रस्तुत नीति तथा कार्यक्रमबाट नगरपालिकाको समग्र विकास, सुशासन, पारदर्शिता, सामाजिक न्याय, दिगो विकासका लक्ष्य हासिलका लागि सहयोग पुग्नेछ भन्ने विश्वास व्यक्त गर्दछु । समग्र नगरपालिकाको सर्वाङ्गीण विकासका लागि सम्पूर्ण नगरबासी जो विदेशमा समेत विभिन्न रोजगारीको सिलसिलामा रहनु भएका देखि हामी सवै लाग्नु पर्ने हुन्छ,

यसका लागि सवै एकताबद्ध भएर नगरको हितमा काम गर्न सबै पक्ष सँग अनुरोध गर्दछु । नगरपालिकाको विकास निर्माणका कार्यहरु कार्यान्वयनमा निरन्तर सहयोग गर्नुहुन सबै राजनैतिक दल, जनप्रतिनिधि, कर्मचारी, निजी क्षेत्र, नागरिक समाज, सञ्चारकर्मी, मुलुक भित्र र बाहिर रहनुहुने सम्पूर्ण नगरबासीहरुमा हार्दिक अनुरोध गर्दै प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सबैको सहयोग प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु ।

बालकृष्ण बस्नेत

नगर प्रमुख

धन्यबाद !

२०८३।०३।०९